# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।१०।२० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

मालपोत कार्यालय हरिवन, सर्लाहीका ना.सु. बेदनिधी बराल र हरिवन नगरपालिका वडा नं.-२ सर्लाहीका लेखापढी व्यवसायी राम सुन्दर महतो कोइरीले जग्गाधनी दर्ता प्रमाण पत्र (लालपुर्जा) मा नाम संशोधन वापत सेवाग्राहीसँग अतिरिक्त रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिई गएको टोलीले निज लेखापढी व्यवसायी राम सुन्दर महतोलाई सेवाग्राहीबाट रु.११,०००/- (एघार हजार) अतिरिक्त रकम लिइसकेको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिइएको साथै नायब सुब्बा बेदनिधी बरालसमेतलाई मालपोत कार्यालय, हरिवन, सर्लाहीबाट नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा मालपोत कार्यालय हरिवन सर्लाहीका ना.सु. बेदनिधी बरालले सेवाग्राहीको जग्गाधनी दर्ता प्रमाणपत्रमा नाम संशोधन प्रयोजनार्थ आफ्नो ओहदा र पदीय दायित्वसमेत ख्याल नगरी बदनियतपूर्वक रकमको बार्गेनिङ गरी उक्त रकम दिन बाध्य तुल्याई लेखापढी व्यवसायी राम सुन्दर महतो कोइरीमार्फत लिएको पुष्टी हुन आएको हुँदा निज बेदनिधी बराललले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेकोले निजलाई बिगो रु. ११,०००।— (एघार हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइएको छ ।

साथै, लेखापढी व्यवसायी राम सुन्दर महतो कोइरीले सेवाग्राहीबाट घुस/रिसवत वापतको रकम लिई ना.सु. बेदनिधी बरालसँग मिलि बाँडिचुडी खाने कार्य गरेको हुँदा निजले गरेको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुर पुष्टी हुन आएकोले निज राम सुन्दर महतो कोइरीलाई बिगो रु. ११,०००।— (एघार हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल